موضوع الخطبة: غزوة تبوك

الخطيب : فضيلة الشيخ حسام بن عبد العزيز الجبرين/ حفظه الله

الغة الترجمة : النيبالي

المترجم : محمد يوسف

# तबूकको युद्ध

पहिलो प्रवचन :

الحمد لله رب الأرض ورب السماء، جعل الدنيا دار عمل لا دار جزاء، وأشهد أن لا إله إلا الله.
خلق السماوات والأرض في ستة أيام وكان عرشه على الماء، وأشهد أن محمداً عبده ورسوله خاتم الأنبياء وقدوة الأتقياء صلى الله وسلّم وبارك عليه وعلى آله وصحابته الأجلاء.

प्रशंसा र प्राथना पछि!

म आफुलाई र तपाईलाई अल्लाहको भय राख्ने आदेश गर्दछु। किनकि यो चिहानमा, पुनरुत्थानको दिन, मृत्यु पछि, र पुलसिरातबाट गुज्दा डर हटाउने धेरै राम्रो कुरा हो: ﴾

﴿يَاأَيُّهَا الَّذِينَ آمَنُوا اصْبِرُوا وَصَابِرُوا وَرَابِطُوا وَاتَّقُوا اللَّهَ لَعَلَّكُمْ تُفْلِحُونَ ﴾ [آل عمران: 200]

हे आस्थावानहरू हो ! धैर्यधारण गर । धैर्यधारणमा प्रतिस्पर्धा गर र (अल्लाहको मार्गमा) एक अर्कोलाई सघाऊ । र, अल्लाहको भय राख, आशा छ कि तिमीहरू सफल हुनेछौ ।

विश्वासी दाजुभाइहरू! गर्मीको कारण जनता चिन्तित हुन्छन्। घर, मस्जिद, बजार, सवारी साधन जतातते  AC को व्यवस्था गरिएको हुन्छ । हे धार्मिक दाजुभाईहरु हामीहरु एउटा यस्तो नबी को ऐतिहासिक घटनालाई याद गर्ने छौं जुन तीव्र गर्मीको मौसममा घटेको थियो।हिज्रतको नवौं वर्ष रजबको महिनामा, पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना साथीहरूलाई त्यति बेला रोमसँग युद्धको लागि तयारी गर्न आदेश दिनुभयो, जब उहाँले सन्देश पाउनु भयो कि रोमीहरू शामीहरूसँग मिलेर मुसलमानको विरोध युद्ध गर्न भेला भएका छन्।, तयारीको आदेश यस्तो तीव्र गर्मीको समयमा दिनु भएको थियो कि जब फलफुलहरू पाकेका थिए र मानिसहरू फलफूलहरूको माँझ र तिनीहरूको छायामुनि बस्न रुचाउँद थिए।

उहाँले  साथीलाई अल्लाहको मार्गमा (धन) खर्च गर्न प्रोत्साहित गर्नुभयो,त्यसैले दान दिनेहरू यस क्षेत्रमा प्रतिस्पर्दा गर्न थाले।त्यसपछि उस्मान (रअ)ले एक हजार दिनार ल्याउनु भयो र पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को काखमा राख्दिनु भयो जसप्रति पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: यदि उस्मानले आज पछि जे गरे पनि उसलाई कुनै हानि हुनेछैन।

हजरत उमरले आफ्नो आधा सम्पत्ति र हजरत अबू बकर (र)ले आफ्नो सबै सम्पत्ति दानमा दिए।हजरत अब्दुल-रहमान बिन औफ (र.) ले धेरै धन-सम्पत्ति ल्याउनु भयो। र हजरत उस्मानले तीन सय ऊँटका साथ त्यसमा सामानहरू पनि दानमा दिए। र यी साथीहरू बाहेक अरू साथीहरूले पनि धेरै धन-सम्पत्ति दानमा दिए। र महिलाहरूले आफ्नो आफ्नो क्षमता अनुसार गहना पठाउनुभयो।

अबू मसुद (र) ले भन्नुभएको छ: "हामीलाई दान दिन आदेश थियो।" उहाँले भन्नु भयो : "हामीले आफ्नो ढाडमा (दानको लागि धन) बोकेर ल्यायौँ।" उहाँले भन्नु भयो: अबू अकीलले आधा साअ दान दिनुभयो। उहाँले थप भन्नु भयो: एक व्यक्तिले उनी भन्दा धेरै चीजहरू ल्याउनु भयो। त्यसैले मुनफिकहरले भने: "अल्लाहलाई त्यस्तो दानको आवश्यकता छैन। दोस्रो व्यक्तिले देखावटी गर्न  त्यसो गरे हो। त्यसैले यो श्लोक अवतरित भयो:

﴿ الَّذِينَ يَلْمِزُونَ الْمُطَّوِّعِينَ مِنَ الْمُؤْمِنِينَ فِي الصَّدَقَاتِ وَالَّذِينَ لَا يَجِدُونَ إِلَّا جُهْدَهُمْ ﴾ [التوبة: 79]

जो स्वेच्छापूर्वक दान गर्ने आस्थावानहरूको आर्थिक बलिदानमाथि टिकाटिप्पणी गर्छन् र ती व्यक्तिहरूको उपहास गर्छन् जोसँग यसबाहेक केही हुँदैन जुन तिनीहरू मिहिनेत मजदुरी गरेर दिन्छन् । अल्लाह ती उपहास गर्नेहरूको उपहास गर्छन् । र, तिनीहरूकालागि दुःखदायी यातना छ।

यसरी, मुनाफिकहरूको दुष्टताबाट न धनी सुरक्षित रहे न त गरिब ।

मुनाफिकहरूले भेला भएर षड्यन्त्र रचन एउटा मस्जिद बनाए।उनीहरूले पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम)लाई यस मस्जिदमा प्रार्थना गर्न

आग्रह गरे।  मानिसहरूले यो बुझे कि उनीहरूले यो मस्जिद असक्ष्यमहरुको अनुकूल बनाएका हुन ताकि यो पैगम्बरको मस्जिद भन्दा (शहरको) नजिक होस्। अतः कुरान अवतरित भयो र यी मुनाफिकहरूको भेद खुलियो﴿

﴿وَالَّذِينَ اتَّخَذُوا مَسْجِدًا ضِرَارًا وَكُفْرًا وَتَفْرِيقًا بَيْنَ الْمُؤْمِنِينَ وَإِرْصَادًا لِمَنْ حَارَبَ اللَّهَ وَرَسُولَهُ مِنْ قَبْلُ وَلَيَحْلِفُنَّ إِنْ أَرَدْنَا إِلَّا الْحُسْنَى وَاللَّهُ يَشْهَدُ إِنَّهُمْ لَكَاذِبُونَ﴾ [التوبة: 107]

अनि, केही यस्ता व्यक्तिहरू पनि छन् जसले हानि पुर्याउने, इन्कार गर्ने, आस्थावानहरूबीच मतभेद उत्पन्न गर्ने र यसअघि अल्लाह तथा उनका रसूलविरुद्ध युद्ध गरिसकेका मानिसहरूकालागि घात स्थल उपलब्ध गराउने उद्देश्यले एउटा मस्जिद निर्माण गरे । र, तिनीहरूले कसम खानेछन् कि भलाई बाहेक हाम्रो अरु कुनै इरादा थिएन । तर तिनीहरू पक्का मिथ्यावादी हुन् भनेर अल्लाहले साक्षी दिन्छन् ।

जब मुसलमानहरु निस्कन तयार भए त्यतिबेला मुनाफिकको एउटा समुह ले भन्यो : गर्मीमा न निस्कनुस्। त्यसप्रति अल्लाहको यो भनाई अवतरित भयो﴿

﴿ فَرِحَ الْمُخَلَّفُونَ بِمَقْعَدِهِمْ خِلَافَ رَسُولِ اللَّهِ وَكَرِهُوا أَنْ يُجَاهِدُوا بِأَمْوَالِهِمْ وَأَنْفُسِهِمْ فِي سَبِيلِ اللَّهِ وَقَالُوا لَا تَنْفِرُوا فِي الْحَرِّ قُلْ نَارُ جَهَنَّمَ أَشَدُّ حَرًّا لَوْ كَانُوا يَفْقَهُونَ ﴾ [التوبة: 81]

(तबूक युद्धमा) पछाडि रहनेहरू अल्लाहका संदेशवाहक बिरूद्ध बस्न पाएकोमा प्रसन्न थिए र उनीहरू आफ्नो धन तथा ज्यानले जिहाद गर्न रुचाएनन् अनि (अरूलाई) भने-  गर्मीमा युद्धका लागि बाहिर ननिस्क। भनिदेऊ-  नरकको अग्नि त यो भन्दा पनि अधिक तातो छ।  तिनीहरूले बुझ्न सकेका भए कति राम्रो हुने थियो ।

त्यहि समयमा, केही गरिब गुरबा आए र अल्लाहका संदेशवाहक (सल्लल्लाहु अलैहि वसल्लम) सँग सवारीको प्रस्ताव राखे जसमा उनीहरू चडेर जीहद गर्न सकून्। जब पैगम्बरले उनीहरुसँग छैन भनेर माफी माग्नुभयो तिनीहरू दुखी भए र उनिहरूले कुनै पाप नगरे पनि उनीहरुको आंखा भिज्यो किनकि उनीहरू गरीब र असहाय थिए।

﴿ وَلَا عَلَى الَّذِينَ إِذَا مَا أَتَوْكَ لِتَحْمِلَهُمْ قُلْتَ لَا أَجِدُ مَا أَحْمِلُكُمْ عَلَيْهِ تَوَلَّوْا وَأَعْيُنُهُمْ تَفِيضُ مِنَ الدَّمْعِ حَزَنًا أَلَّا يَجِدُوا مَا يُنْفِقُونَ ﴾ [التوبة: 92]

न ती व्यक्तिहरूमाथि (कुनै दोष छ) जो तिमीकहाँ यो भन्दै आउँछन् कि मलाइ (जिहादकालागि) कुनै सवारी दिनु र तिमी यो भन्छौ- मसँग तिम्रोलागि कुनै सवारी छैन । उनीहरू आफूसित खर्च गर्न केही नभएको पिरले आँखाबाट धर्धरी आँसु बगाउँदै फर्कन्छन् ।

जब अल्लाहका संदेशवाहक ( सल्लल्लाहु अलैहि वसल्लम)ले हजरत अली (र) लाई आफ्नो उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँले भन्नुभयो: के तपाई मलाई बालबालिका र महिलाहरूको बीचमा छोडेर जानु हुन्छ? उहाँले भन्नु भयो: "के तिमी खुशी छैनौ कि म कहाँ तिम्रो दर्जा यस्तो होस् जस्तो पैगम्बर मूसा (अ) कहाँ हारूनको दर्जा थियो। फरक यति मात्र हो कि म पछि अर्को कुनै संदेस वाहक आउने छैन।(यो हदीस इमाम बुखारी द्वारा वर्णन गरिएको छ।)

त्यसपछि अल्लाहका संदेशवाहक (स) आफ्ना साथीहरुका साथमा निस्कनु भयो जसको संख्या तीस हजार वा त्यो भन्दा बढी थियो। र तिनीहरूसँग दस हजार घोडाहरू मात्र थिए।

तिनीहरूसँग सवारीको अभाव थियो। त्यसैले

एउटै घोडामा दुईदुई ,तीनतीन जना पनि सवार थिए।

जब पैगम्बर (स) समुदको बस्ती (जुन आज उलाको क्षेत्र नजिक छ) हजरको स्थानबाट गुज्रिनु भयो उहाँले भन्नुभयो: "जसले आफ्नो जीवनमाथि अन्याय गरेका छन, उनीहरूको आवासमा नजानुहोस्। बरु जान परे रुँदै जानुहोस्। नत्र तपाईंहरूले पनि उनीहरुले पाएको सजाय भोग्नुपर्ने छ।" त्यसपछि उहाँ सवारीमा बस्नु भयो र आफ्नो मारेठाले आफ्नो अनुहार छोप्नु भयो। त्यसपछि नबी सल्लल्लाहु अलैहि व सल्लम जानुभयो।(बुखारी, मुस्लिम) साथीहरूलाई आदेश भयो कि अल्लाह को प्रकोपमा परेका मानिसहरुको गाँउको पानीबाट  ऊँटकोलागि जुन चारा तयार गरिएको छ त्यसलाई फालिदिनु होस् र पानी बगाइदिनु होस।र पैगम्बर सालेह (अ) को ऊँटनी आउने गरेको इनारबाट पानी निकाल्न अनुमति दिइयो। एउटा मुनाफिकले पैगम्बर साथीहरूको बारेमा भन्यो "हामीले हाम्रा साथीहरू जस्ता मानिसहरूलाई देखेका छैनौं, जो आफ्नो पेटको बारे धेरै चिन्तित छन्, र उनको जिब्रो झुटो छ।, र शत्रुको सामना गर्दा कायरता देखाउँछन्। र मुखशिन बिन हमीरले भन्यो: असफरको घरानाको जल्लादलाई तिमीहरुले आफ्नै अरबहरु जस्तै ठान्छौ। जो आफ्नै मान्छेको विरुद्‌ध लड्छन । अल्लाहको कसम भोलि हामी तिमीहरूलाई डोरीले बाँधेर पिट्नेछौं ताकि विश्वासीहरूमा डर पसोस।त्यतिबेला यो आयत अवतरित भयो:

﴿ وَلَئِنْ سَأَلْتَهُمْ لَيَقُولُنَّ إِنَّمَا كُنَّا نَخُوضُ وَنَلْعَبُ قُلْ أَبِاللَّهِ وَآيَاتِهِ وَرَسُولِهِ كُنْتُمْ تَسْتَهْزِئُونَ * لَا تَعْتَذِرُوا قَدْ كَفَرْتُمْ بَعْدَ إِيمَانِكُمْ إِنْ نَعْفُ عَنْ طَائِفَةٍ مِنْكُمْ نُعَذِّبْ طَائِفَةً بِأَنَّهُمْ كَانُوا مُجْرِمِينَ ﴾ [التوبة: 65، 66]

र, यदि तिमीले तिनीहरूलाई (के कुरा गर्दै थियौ भनी) सोध्यौ भने तिनीहरूले स्पष्ट रूपमा भन्नेछन्- हामी त्यसै गफसफ र ख्याल ठट्टा गर्दै थियौं । भनिदेऊ- के तिमीहरू अल्लाह, उनका आयतहरू र उनका रसूलको ठट्टा गर्दै थियौ ?अब बहाना नगर । तिमीहरूले ईमानपछि कुफ्रमा फर्किसकेका छौ । यदि हामीले तिमीहरूमध्ये एउटा समूहलाई क्षमा गरिदिए पनि अर्को समूहलाई अवश्य दण्ड दिनेछौं किनभने तिनीहरू अपराधी हुन्।

भनिन्छ कि मुखशिनले पश्चात्ताप गरे यममाहको दिन शहीद भए।

जब पैगम्बरका साथीहरू तबुक पुगे, उनीहरूले त्यहाँ कसैलाई पनि भेटाएनन्।किनकि जब रोमीहरूले यो सेनाको आगमनको बारेमा सुने, उनीहरूले आफ्नै सहरहरूमा शरण लिनु उत्तम ठाने ताकि उनीहरू सुरक्षित हुन सकून्। र पैगम्बर सल्लल्लाहु अलैहि व सल्लम ले पनि उनको सहरमा उनीहरुलाई खोज्न आवश्यक ठान्नु भएन । र यो क्षेत्रमा उहाँले लगभग बीस रात बस्नुभयो।

ईला भन्ने ठाउँका मानिसहरू उँहासामु आए र पैगम्बरसँग सन्धि गरे र पैगम्बरलाई जिज्या (कर) दिए, त्यसैगरी जरबा र अजरहका मानिसहरू पनि पैगम्बरसामु आए र उहाँलाई कर दिए। उहाँले तिनीहरूलाई पत्र लेखेर मदीना फर्कनुभयो। र मुनाफिकहरूले बनाएको मस्जिद-ए-जिरारलाई भत्काउन र जलाउन आदेश दिनुभयो। जब पैगम्बर (सल्लल्लाहु अलैहि व सल्लम) मदीनाको नजिक पुग्नुभयो । त्यतिबेला उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नुभयो कि मदीनामा धेरै यस्ता मानिसहरू यस्ता छन जहाँ पनि तिमी हिड्यौ र जुन उपत्यका तिमीले पार गरेउ उनिहरु

हृदयदेखि नै तिमीहरुका साथमा थिए। पैगम्बरका साथीहरूले भने: हे अल्लाहका संदेशवाहक! जुनबेला उहाँहरु मदीनामा हुनुहुन्थ्यो त्यतिबेला पनि ? पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: हो,जब उहाँहरु मदीनामा हुनुहुन्थ्यो (उहाँहरु आफ्नो हृदयबाट तपाईहरु सँगै हुनुहुन्थ्यो), उहाँहरु कुनै विशेष कारणले रोकिनु भएको हो। (बुखारी) मुस्लिम द्वारा वर्णन गरिएको छ कि उहाँहरु तपाईहरुसँग पुण्यमा सम्मिलित हुनुहुन्छ।

दोस्रो प्रवचन

الحمد لله...

अलहमदुलिल्लाह...

प्रशंसा र प्राथना पछि!

हे मुसलमान दाजुभाइहरु! तपाईहरुको अगाडि अघिल्लो प्रवचनबाट केही फाइदाहरु प्रस्तुत गरिने छ। जसमध्ये पहिलो यो हो:

यसमा पैगम्बरका साथीहरूको सद्गुणहरु र राम्रो कामप्रति उनीहरूको अग्रगमन र उनीहरूको आर्थिक र आध्यात्मिक बलिदानहरूको उल्लेख छ।

अर्को फाइदा यो हो कि निफाक (मुखमा केही र हृदयमा केही) एउटा धेरै खतरनाक अपराध हो। सुरह अल-बराअतका धेरै श्लोकहरूले निफाकको नोक्सानीहरुको वर्णन गर्दछन्

अर्को फाइदा यो हो कि राम्रो काममा एकअर्का सित प्रतिस्पर्धा गर्न आदेश दिइएको छ।हजरत उमरले आफ्नो आधा सम्पत्ति ल्याएपछि उनले भने: आज म अबुबकरलाई जित्ने छु।

अर्को अझै एउटा फाइदा यो हो कि पैगम्बरका धेरै साथीहरूको बाहिरी सद्‌गुणहरु थाहाँ हुन्छ। तिनीहरूमध्ये मार्गदर्शन प्राप्त गरेका खलीफाहरू हुन।

त्यही फाइदाहरू मध्ये एउटा फाइदा यो पनि हो  कि आस्थावानहरुको ठट्टा गर्नबाट टाढा रहनुपर्छ र यसको खराब नतिजाबाट सावधान रहनुपर्छ ।किनभने अल्लाहले यसलाई , आफ्नो, आफ्नो आयतहरु को र आफ्नो सन्देशवाहकहरुको उपहासको रूपमा घोषणा गर्नुभएको छ।

र दोस्रो फाइदा यो हो कि मुनाफिकहरूको बदमाशी, तिनीहरूको ठूलो दुष्टता र छल कपट को ज्ञान हुन्छ। तर तिनीहरूले राम्रो गरेका छौं भनेर देखावटी मात्र गर्छन। र झूटा कसम पनि खानछन्। अल्लाहले उनीहरूको यो विशेषतालाई कुरानमा उल्लेख गर्नु भएको छ। र तिनीहरूको नामहरू स्पष्ट रूपमा वर्णन गर्नु भएको छैन। ताकि मुस्लिमहरू तिनीहरूबाट बच्न सकून्। नामहरू समय र मानिसहरूको भिन्नतासँगै परिवर्तित भइरहन्छन। तर जहाँसम्म तिनीहरूको विशेषताहरूको कुरा छ, विशेषताहरू सधैं एउटै हुन्छ।

एउटा फाइदा यो हो कि जो कोही प्रकोपमा परेको गाउँबाट हिड्छ उसले पाठ प्राप्त गर्नु पर्छ र रुँदै  हिड्नु पर्छ।

एउटा फाइदा यो पनि हो कि सद्भाव र एकता स्थापना गर्नु एक महान लक्ष्य हो।किनकि  मस्जिद अल-जरार जस्लाई ध्वस्त गरियो त्यसको एउटा लक्ष्य विश्वासीहरू बीच विभाजन सिर्जना गर्नु थियो

-﴿ وَتَفْرِيقًا بَيْنَ الْمُؤْمِنِينَ ﴾

आस्थावानहरूबीच मतभेद उत्पन्न गर्न

यसले यो फाइदा पनि दर्शाउँछ कि कार्यमा राम्रो नियत महत्त्वपूर्ण छ किनभने जो विशेष कारणले मुस्लिमहरु संग सम्मिलित भएर जिहाद गर्न सकेनन् अल्लाहले तिनीहरूलाई पनि पुरस्कृत गर्नु भयो।

अन्तिम फाइदा यो हो कि आस्थावानहरुको ठट्टा गर्नु मुनाफिकहरूको विधि हो र अफवाह फैलाउनु र डराउने प्रयास गर्नु तिनीहरूको अर्को तरिका हो।

صلى الله عليه وسلم


लेखक:

प्रख्यात शेख हुसाम बिन अब्दुल अजीज अल-जिब्रीन

अनुवादक:

मोहम्मद युसुफ  बिन रमजान अली

yusufislamnp@gmail.com